दरौदी दैनिक साउन ४ गते सोमबार

# राहत र उद्धारमा गोरखा मोडल

शिवप्रसाद उप्रेती



मुच्चोकका भूकम्पपीडितलाई राहत रकम हस्तान्तरण गर्दै प्रजिअ तिमल्सेना । तस्वीर : प्रशन्न पोखरेल

गोरखा केन्द्रविन्दू बनाएर बैशाख १२ गते महाभुकम्प गयो । चार सय ४९ जनाको मृत्यू भयो । एकहजार तीनसय ४८ जना घाइते भए । भुकम्पपछिको पहिरोमा पुरिएर २० जना अहिलेसम्म पनि बेपत्ता छन् ।

'गोरखा भुकम्प' भनेर चर्चा हुन थालेपछि राष्ट्रपति, प्रधानमन्त्री, मन्त्रीहरु, सबै पार्टीका प्रमुख तथा मुख्य नेताहरु गोरखा आउने क्रम बढ्यो । तात्कालिक उद्धार गर्न सेना; प्रहरी, सशस्त्र प्रहरी, स्थानीय स्वयंसेवकहरु, गैरसरकारी संस्थाका स्वयंसेवकहरु तिब्र परिचालित भए । छिमेकी जिल्ला लगायत बिभिन्न जिल्लाहरुबाट र हतं सामग्रीहरु आउन थाले । मित्रराष्ट्रहरुबाट पनि यथेष्ट राहत सामग्रीहरु जिल्ला भित्रिन थाले । एक साताको बीचमा धेरै नै अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु राहतका कार्यक्रम लिएर आउन थाले । अहिले पनि ती आइएनजीओहरु कार्यरत नै छन् । केन्द्रविन्दू गोरखा भएकाले धेरै क्षति बेहोरेको गोरखाको उद्धार तथा राहतका कार्य पनि सन्तोषजनक भयो । आठ वटा बिभिन्न क्लस्टर बनाएर काम हुन थालेपछि गोरखाको उद्धार र र हत कार्यक्रमको प्रसंसा हुन थाल्यो । गोरखा अनुगमनमा आएका र ष्ट्रपति रामबरण यादबले मुखै खोलेर भने 'पीडित १४ जिल्लामध्य गोरखाको उद्धार तथा राहतको काम उत्कृष्ट पाएको छु ।' यसअघि आएका प्रधानमन्त्री सुशील कोइर लाले पनि गोरखाको जिल्ला दैवी प्रकोप उद्धार समितिको कार्यसम्पादन उत्कृष्ठ रहेको भनेर प्रसंसा गरे । गोरखा भुकम्पपछिको उद्धार तथा राहतको कामको प्रसंसा गर्दै राजधानीबाट आउने सभासद तथा नेताहरु पनि 'गोरखा मोडल' काम गर्नुपर्छ भन्ने अनुभव संगालेको थिएँ । त्यो पनि अहिले निकै ठूलो उपयोगी भयो ।' बिभिन्न क्षेत्र हेर्नेगरी बिभिन्न उपसमिति( क्लस्टर) बनाएर कार्यबिभाजन गर्दा काम धेरै चुस्त भयो । हेलिकोप्टर उँडानको जिम्मा एक जनालाई, यातायातको अर्को जनालाई, राहत सामग्री संकलन अर्कोलाई, वितरणको जिम्मा अर्कालाई, उपचारको जिम्मा अर्कालाई दिएर कार्यबिभाजन गर्दा काम प्रभावकारी बनेको हो । दोस्रो चरणको राहत कार्यक्रममा पनि क्लष्टर बनाएर गरेको काम प्रभावकारी बनेको प्रमुख जिल्ला अधिकारी तिमल्सेनाको भनाइ छ । 'जब तत्काल उद्धार गर्नुपर्ने चर ण सकियो, अनि हामीले दीर्घकालीन काम गर्ने गरी क्लस्टर बनायौं । अहिले स्वास्थ्य क्लष्टर, खानेपानी तथा सरसफाइ क्लस्टर, आबास क्लस्टर, शिक्षा क्लस्टर, खाद्यान्न क्लस्टर जस्ता क्लस्टरले आ( आफ्नै ढंगले काम गरिरहेका छन्' उनी भन्छन् 'यसो गर्दा श्रम बिभाजन पनि हुने, काम दोहोरिने समस्या पनि नहुने, सबैले भूमिका पाउँदा सबैको सक्रियता पनि हुने

सिस्टम'मा बाहेक गाउँ छिर्न पाउँदैनौ भनेर कडा रुपमा प्रस्तुत भएपछि उनीहरु ब्यबस्थित रुपमा गाउँ गएका छन् । बिभिन्न देशबाट हातमा पैसा लिएर आएकाहरुलाई हाम्रो मापदण्डभित्र छिराएर पठाउन सक्नु हाम्रो सफलता हो । यस्तो अरु जिल्लामा भएको देखिएन । यसले गर्दा हाम्रो कामलाई 'माइलेज' दियो । हामी जति ब्यबस्थित र बलियो देखिन्छौं, दातृ निकाय त्यति हामीलाई बिश्वास गर्छ । त्यति नै आउन चाहन्छ । डिडिआरसीको नीतिमा रहेर गाउँमा जान सहमत हुने एनजीओ, आइएनजीओलाई समितिको तर्फबाट धन्यबाद दिनुछ ।' सुरुको दिनदेखि ७५ डलर हात हातमा दिन चाहने आइएनजीओलाई गोरखाको डिडिआरसीले अनुमति दिएन । बरु सरकारले बाँड्ने भनिएको १५ हजार रुपियाँ वा दुई बण्डल जस्ता पाता उनीहरुलाई बाँड्न लगाएर गोरखा डिडिआरसीले सरकारको करिब ३८ करोड रुपियाँ बचाएको दाबी गर्छ । 'हामीले गरेको अर्को महत्वपूर्ण काम के भने हिमाल पारि का सात र वारिका दुई गरी नौ वटा गाविसमा आइएनजीओमार्फत

साथै उनमा काम गर्ने क्रममा झेल्नु परेको समस्या, नमिठो अनुभव र चुनौती पनि छ । उनकै शव्दमा भारतीय हेलिकोप्टरले धेरै सहयोग गर्‍यो । तर डिडिआरसीले तय गरेको योजना अनुसार गरेन । झण्डै सातदिनसम्म गोरखामा हेलिकोप्टर उँडाएका माउण्टेन हेलिकोप्टरका पाइलट सुबेक श्रेष्ठ, जसले एउटा पाइलटको मात्र नभई स्वयंसेवकको भूमिका पनि निर्बाह गरेको थिए, उनको निधन हुनुलाई पनि उनले गहिरो दुखको रुपमा लिएका छन् । राहत सामग्री गाउँ( गाउँ पठाउन फोरह्वील गाडीको माग जति गर्दा पनि पाउन नसक्नुलाई पनि उनले काम गर्दाको नमिठो अनुभवको रुपमा लिएका छन् । '१० अरब रुपियाँको राहत आउँछ । त्यसलाई गाउँ पठाउन दुई करोडको फोरह्वील गाडी मागदा पनि पाउन सकिएन' उनी भन्छन् 'हामीले भनेको बेलामा हेलिकोप्टर नपाएकै हो । राहत सामग्री राख्न वायरहाउस बनाउन सकिएन । अर्को कुरा असारको १६ गते सरकारले १५ दिनभित्र बस्ती सार भन्छ । कति चुनौती हुन्छ ? पानी परिरहेको छ । हामीसंग बस्ती सार्न स्रोत साधन